आज मिति २०८२ चैत महिना १० गते मंगलबारका दिन राइनास नगरकार्यपालिकाको कार्यालयको हलमा नगर प्रमुख श्री खड्ग बहादुर गुरुङज्यूको अध्यक्षतामा तपसिल बमोजिमका नगर कार्यपालिकाका सदस्य एवं पदाधिकारीहरुको उपस्थितिमा नगरकार्यपालिकाको ८८ औं नियमित बैठक बसी निम्नानुसार निर्णय भयो।

**उपस्थिति :**

| दस्तखत | नाम थर | पद |
|---|---|---|
| | नगर प्रमुख श्री खड्ग बहादुर गुरुङ | अध्यक्ष |
| | नगर उप प्रमुख श्री पुष्पराज खनाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१ श्री विष्णु प्रसाद पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.२ श्री लक्ष्मण शाही | सदस्य |
| | वडा अध्यक्ष वडा नं.३ श्री देउ बहादुर पौडेल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.४ श्री बलराम पराजुली | सदस्य |
| | वडा अध्यक्ष वडा नं.५ श्री शङ्ख बहादुर सार्की | सदस्य |
| | वडा अध्यक्ष वडा नं.६ श्री गोविन्द चिलुवाल | सदस्य |
| | वडा अध्यक्ष वडा नं.७ श्री मोहनलाल श्रेष्ठ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.८ श्री कृष्ण बहादुर रानाभाट | सदस्य |
| | वडा अध्यक्ष वडा नं.९ श्री लुविन्द्र गुरुङ | सदस्य |
| | वडा अध्यक्ष वडा नं.१० श्री लक्ष्मण गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री नानुमाया लामा | सदस्य |
| | कार्यपालिका सदस्य श्री सोचना लौडारी | सदस्य |
| | कार्यपालिका सदस्य श्री कल्पना सुनार | सदस्य |
| | कार्यपालिका सदस्य श्री दिलमाया गुरुङ | सदस्य |
| | कार्यपालिका सदस्य श्री चन्द्रावती पन्थी | सदस्य |
| | कार्यपालिका सदस्य श्री सुक बहादुर वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विन्दु वि.क. | सदस्य |
| | कार्यपालिका सदस्य श्री विमला कुमाल | सदस्य |
| | प्रमुख प्रशासकीय अधिकृत श्री शिबराज रेग्मी | सचिव |

**आमन्त्रित /अन्य उपस्थिति :**

| | | |
|---|---|---|
| | प्रशासकीय अधिकृत निमला बस्नेत | |
| | | |
| | प.प्र.स. पुष्पा लम्साल पन्त | |
| | | |
| | | |

## मिति २०८२/१२/१० गतेको ८८ औं नगरकार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु

**प्रस्तावहरु:**

१. अघिल्लो बैठकका निर्णय कार्यान्वयनको अवस्था सम्बन्धमा।

२. कृषि सम्बन्धी कार्यक्रम सञ्चालन सम्बन्धमा ।

३. गौलिटार खेलमैदान बोलपत्र सम्बन्धमा ।

४. तालिम माग सम्बन्धमा ।

५. रोजगार कार्यक्रम सम्बन्धमा ।

६. गौलिटार खेल मैदान राइनासकप फूटबल र ग्रामीण पर्यटनकप तथा राइनासकोट मेला सम्बन्धमा ।

७. जलबायु नमुना अनुकूलन कार्यक्रम सम्बन्धमा ।

८. विविध ।

**निर्णयहरु:**

**निर्णय नं.१:**

नगर कार्यपालिकाको अघिल्लो बैठकका निर्णयहरुको कार्यान्वयन अबस्था बारे समीक्षा गरियो।

**निर्णय नं.२:**

कृषि सम्बन्धी कार्यक्रम सञ्चालन गर्न आर्थिक विकास समितिबाट निर्णय भए बमोजिमका व्यवसायिक मौरी प्रबर्धन कार्यक्रम, राष्ट्रिय फल सुन्तला विशेष कार्यक्रम, गुरु किसान छनौट तथा नमुना फर्म स्थापना सहयोग कार्यक्रम र महिला कृषकका लागि सामुहिक खेती प्रोत्साहन कार्यक्रमहरु कार्यान्वयन गर्ने ।

**निर्णय नं.३:**

राइनास न.पा. वडा नं. ६ गौलिटार (गुलिटार) सभा भवन निर्माण कार्यको लागि बोलपत्र मूल्याङ्कन समितिले गरेको सिफारिस सम्बन्धमा छलफल भयो। सबै भन्दा कम अंक कवोल गर्ने जय भोले बाबा कन्ट्रक्सन रा.न.पा.६, लमजुङको बोलपत्र छनौट गर्ने ।

**निर्णय नं.४:**

गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठानको मिति २०८२।१२।०५ गतेको पत्रानुसार "वडा समितिलाई सहभागितामूलक योजना तर्जुमा र अनुगमन सम्बन्धी तालिम" माग गर्ने सूचना अनुसार यही मिति २०८२ चैत अन्तिम हप्तासम्म सञ्चालन हुने गरी उक्त प्रशिक्षण प्रतिष्ठानमा तालिम प्रस्ताव गर्ने ।

**निर्णय नं.५:**

रोजगार सेवा केन्द्रद्वारा आन्तरिक रोजगारी सिर्जना कार्यक्रम अन्तर्गत संघीय सशर्त अनुदान तर्फ रु.५२४०००। र १००% साझेदारी नगरपालिकाबाट विनियोजित रु.५२४०००। गरी जम्मा रु.१०४८०००। रकमबाट निम्नानुसारको योजना छनौट गरी कार्यान्वयन गर्ने ।

क. वडा नं ८ आमबोटे ट्रस पूल निर्माण रु ५,००,०००।

ख. वडा नं ९ राम्चे गाउँमा रहेको पुरानो चौर पुर्ननिर्माण रु १,००,०००।

ग. आन्तरिक बाटो मर्मत (सबै वडा) रु ४,४८,०००।

**निर्णय नं.६:**

यस नगरपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रम अन्तरगत शिक्षा शाखा तर्फ मेयर कप, भलिवल, फूटबल र अन्य खेलकुद कार्यक्रम बजेट शीर्षकबाट गौलिटार खेल मैदानमा राइनासकप खेल सञ्चालन बापत रु. ८ लाख, राइनासकोट मेला तथा ग्रामीण पर्यटनकप कार्यक्रमको लागि रु. ५ लाख र वडा नं. ७ मा मेयर भलिबल कपको लागि रु. २ लाखसम्म रकम विभाजन गर्ने।

**निर्णय नं.७:**

जलबायु नमुना अनुकूलन कार्यक्रम सम्बन्धी कार्यविधि बमोजिम यस नगरपालिकाको ल्याडफिल्ड साइटमा आवश्यक निर्माणसमेतका कार्यक्रमहरु सञ्चालन गर्ने ।

**निर्णय नं.८: (विविध)**

(क) राइनास नगरपालिका वडा नं ६ निवासी चन्द्र बहादुर वि.क.को छोराको दाहसंकार तथा पोष्टमार्टम कार्यको लागि रु १० हजार, वडा नं. ८ निवासी सुमित्रा वि.क.लाई मृगौला उपचारको लागि रु १० हजार आर्थिक सहायता उपलब्ध गराउने । वडा नं. ६ निवासी इन्द्र बहादुर तमाङको आवास व्यवस्थापनको लागि रु १० हजार, वडा नं. ६ निवासी ईन्दिरा भट्टराईको घर २०८२।१२।०९ को हावाहुरी तथा बर्षादले क्षति पुगेको हुँदा आवास व्यवस्थापनको लागि रु १० हजार र तिर्थराज अधिकारीको गोठको बाख्रा मरेको कारण रु ६ हजार विपद् कोषबाट आर्थिक सहयोग उपलब्ध गराउने ।

(ख) कृषि, भूमि व्यवस्था तथा सहकारी मन्त्रालय, गण्डकी प्रदेश, पोखराबाट प्राप्त च.नं. ८७८, मिति २०८२।१२।०८ को पत्रानुसार कित्तानापी नक्सामा सार्वजनिक बाटो अध्यावधिक गर्ने कार्यक्रम सञ्चालन गर्न कम्तीमा ६ मिटर चौडाइ भएका देहायका पक्की/कच्ची सडकको नाम (प्राथमिकता क्रमानुसार) प्रस्ताव गरी पठाउने ।

निम्नः

१. टुनीगैरी राइनासकोट सडक

२. धमिलीकुवा वोराङ्खोला सडक

३. धमिलीकुवा मंगलटार सालफेदी सडक

४. कालीरह जिम्मल चौतारा सडक

खड्ग बहादुर गुरुङ्ग
नगर प्रमुख